लोक सेवा आयोग

**नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, व्यापार प्रशासन, छैठौं, अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

२०७९।०४।३०

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय: सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड "क"** ५० अङ्क

१. पन्ध्रौं योजना (वि.सं. २०७६/७७ - २०८०/८१) मा रहेको "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गन्तव्य सञ्जाल विस्तार गरी नागरिक उड्डयन क्षेत्रलाई सर्वसुलभ, पहुँचयोग्य र सुरक्षित बनाउने" उद्देश्य प्राप्तिका लागि के-कस्ता रणनीति अवलम्बन गरिएका छन्? उल्लेख गर्नुहोस् । ५

२. नेपाल नागरिक उड्डयन प्राधिकरणको विद्यमान समस्या र चुनौतीहरूको बारेमा उल्लेख गर्नुहोस् । ५

३. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार बोलपत्र मूल्यांकन गर्दा के-के विषयमा ध्यान पुऱ्याउनु पर्दछ? लेख्नुहोस् । १०

४. बजेटको महत्व उल्लेख गर्दै सार्वजनिक संस्थामा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाई पूँजीगत खर्च बृद्धि गर्न के-कस्ता उपायहरू अपनाउनु पर्ला? सुझाव दिनुहोस् । ५+५=१०

५. उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार उपभोक्ताका अधिकार के-के हुन्? उपभोक्ताको हकहित संरक्षण गर्न अनुगमनका लागि के-कस्ता संरचनाको व्यवस्था गरिएको छ? छोटकरीमा लेख्नुहोस् । ३+७=१०

६. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) र अन्तर्राष्ट्रिय हवाई यातायात संघ (IATA) का बीच आधारभूत भिन्नता औंल्याउँदै अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनका पाँच वटा प्रमुख रणनैतिक उद्देश्यका बारेमा लेख्नुहोस् । ५+५=१०

**खण्ड "ख"** ५० अङ्क

७. वातावरणीय विश्लेषण (Environmental Analysis) व्यवसायिक संगठनको लागि किन महत्वपूर्ण छ? व्याख्या गर्नुहोस् । ५

८. नेपाल नागरिक उड्डयन प्राधिकरणले सामाजिक उत्तरदायित्वको क्षेत्रमा गरेको योगदानको समीक्षा गर्दै यस क्षेत्रको व्यापारमा हुने नैतिक मुद्दाहरू (Ethical Issues) का बारेमा लेख्नुहोस् । ५

९. नाफामूलक व्यवसायले मात्र होइन, गैरनाफामूलक व्यवसायले पनि बजारको अध्ययन गर्न आवश्यक छ भनिन्छ । यस सन्दर्भमा नेपाल नागरिक उड्डयन प्राधिकरणले बजारको अध्ययन गर्नु पर्छ कि पर्दैन? तर्कसहित उत्तर दिनुहोस् । १०

१०. नेपालको परिप्रेक्ष्यमा बहुराष्ट्रिय कम्पनी स्थापनाका फाइदा र बेफाइदाहरू के-के हुन सक्छन्? प्रष्ट पार्नुहोस् । ५+५=१०

११. "विज्ञापन एजेन्सीको मुख्य समस्या भनेकै विज्ञापनमा खर्च यकिन गर्न नसक्नु हो ।" यसमा तपाईंको धारणा के छ? विज्ञापन बजेट तर्जुमा गर्नका लागि के-के सामान्य तरिकाहरू प्रयोग गरिन्छ? उल्लेख गर्नुहोस् । ३+७=१०

१२. बजार खण्डीकरण (Market Segmentation) भन्नाले के बुझिन्छ? बजार खण्डीकरणका प्रमुख उद्देश्यहरू (Objectives) का बारेमा चर्चा गर्नुहोस् । ३+७=१०

:: समाप्त ::